नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**पृथ्वीचोक शाखा**

## तालचोक शाखाको भाडाको भवनमा सिभिल निर्माण तथा इलेक्ट्रिकल कार्यको लागि बोलपत्र आव्हानको सूचना
## (प्रथम पटक प्रकशित मिति २०७५/०१/०४)

नेपाल बैंक लिमिटेड, तालचोक शाखामा काउण्टर, पार्टिसन, फल्स् सिलिङ्ग, टायल, ATM कोठा र केज आदि निर्माण लगायत अन्य पूर्वाधारहरु तयार गर्न सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र खरिद गरी ३१औं दिनको १२:०० वजे भित्र पेस गर्न सिलवन्दि बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिस वा पृथ्वीचोक शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा पृथ्वीचोक शाखावाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धी शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धी थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागमा वा शाखा कार्यालय पृथ्वीचोकमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्र निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दर रेट (BOQ) खुलाइ, आफुले कवोल गरेको रकमको (भ्याट सहित) घटीमा २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकमको माथिल्लो पाँच सय वा हजार अंक पुऱ्याई धरौटी वापत यस बैंकको पृथ्वीचोक शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।

२) बोलपत्र निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७३/७४ को कर चुक्ता प्रमाणपत्र र काउण्टर निर्माण सम्वन्धि कार्य अनुभव पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको अगाडी भागको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ६० दिन दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको सिभिल निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्नेछ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| बोलपत्र प्राप्त गर्ने स्थान | :- | नेपाल बैंक लिमिटेड, प्र.का. व्यवस्थापन सेवा विभाग वा पृथ्वीचोक शाखा |
| बोलपत्र खरिद गर्ने अन्तिम मिति | :- | २०७५/०२/०२ गते बुधबार कार्यलय समय भित्र । |
| बोलपत्र दाखिला गर्ने अन्तिम मिति | :- | २०७५/०२/०३ गते विहिबार मध्यान्ह १२:०० वजे भित्र । |
| बोलपत्र दाखिला गर्ने स्थान | :- | नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, पृथ्वीचोक । |
| बोलपत्र खोल्ने मिति र स्थान | :- | २०७५/०२/०३ गते विहिबार मध्यान्ह १:०० बजे ने.बै.लि., शाखा कार्यालय, पृथ्वीचोक । |

बैंकको अनुमानित लागत :-

सिभिल तर्फ भ्याट सहित रु.२५,८५,५५४/-

इलेक्ट्रिकल र नेटवर्किङ्ग तथा Intercom System, AC र CCTV जडान तर्फ भ्याट सहित रु.१६,१४,०६७/१४

**दुबै गरी भ्याट सहित कूल जम्मा रकम रु.४१,९९,६२१/१४ (अक्षेरेपी एक्चालिस लाख उनान्सय हजार छ सय एक्काइस र पैसा चौध मात्र ।)**

नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

## प्रधान कार्यालय
## व्यवस्थापन सेवा विभाग

नेपाल बैंक लिमिटेड तालचोक शाखामा काउण्टर, पार्टिसन, फल्स् सिलिङ्ग, टायल र केज निर्माण, ATM कोठा निर्माण लगायत इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्यको साथै विविध निर्माण कार्य गर्ने वारे ।

## सिलबन्दी बोलपत्र फाराम

बोलपत्र फाराम मुल्यः रु.३,०००।- (अक्षरेपी तिन हजार मात्र ।)
(रकम पछि फिर्ता नहुने गरी)

बोलपत्र फाराम जम्मा (आवरण पृष्ठ समेत) ४४ पृष्ठको छ ।

विषय :- नेपाल बैंक लिमिटेड, तालचोक शाखामा काउण्टर, पार्टिसन, फल्स् सिलिङ्ग, टायल र केजको साथै ATM कोठा निर्माण लगायत इलेक्ट्रिकल तथा नेटवकिङ्ग कार्य गर्ने वारे ।

महोदय,

त्यस नेपाल बैंक लिमिटेड, तालचोक शान्तिपुर शाखामा काउण्टर, पार्टिसन, फल्स् सिलिङ्ग, टायल र केजको साथै ATM कोठा निर्माण लगायत इलेक्ट्रिकल तथा नेटवकिङ्ग कार्य गर्नेबारे मिति २०७५/०१/०४ गतेको राष्ट्रिय पत्रिका गोरखापत्रमा प्रकाशित सिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार बैंकले तोकेको नक्सा डिजाईन तथा स्पेसिफिकेसन अनुसारको कामको दर रेट (BOQ) खुलाई सो मुल्यमा निर्माण कार्य लगायत तोकिएका कार्यहरु सम्पन्न गर्न मेरो/हाम्रो मन्जुरी भएकोले यो सिलबन्दी बोलपत्र पेश गरेको छु/गरेका छौं । यस बोलपत्र पेश गर्दा फाराममा संलग्न १ देखि ३१ नम्वर सम्मको शर्त सुविधाहरु पढी बुझि सो नियम एवं शर्त सुविधाहरु अनुसार कार्य गर्न मञ्जुर गरेको छु/गरेका छौ । उपरोक्त कार्यको लागी (भ्याटसहित) हुने जम्मा मूल्य रु.................(अक्षरेपी .................................................मात्र) मा काम सम्पन्न गर्न मेरो /हाम्रो मन्जूरी भए अनुसार सो रकमको नियमानुसार २.५% ले धरौटी राख्नुपर्ने रकम रु........................... (अक्षरेपी ..............................................................मात्र) त्यस बैंकमा नगदै जम्मा गरी सो को भौचरको अर्धकट्टी थान....... बोलपत्र दिने अन्तिम मितिबाट १२० दिन म्याद भएको अन्य 'क' वर्गको वाणिज्य बैंकको ग्यारेण्टी पत्र थान ........यसै साथ संलग्न गरेको छु /गरेका छौ । मेरो/हाम्रो दरभाउपत्रस्वीकृत भएमा बोलपत्र फाराम साथ संलग्न नियम एवं शर्तको साथै पछि हुने सम्झौता अनुरुप उल्लेखित कार्य गर्नेछु/गर्नेछौ । सम्झौता बमोजिम कार्य सम्पादन नभएमा वा नियम एवं शर्तको उल्लंघन भएमा सम्झौता बमोजिमको हर्जाना बुझाउन समेत मञ्जुर गर्दछु/गर्दछौ ।

भवदीय,

(क) बोलपत्र पेश गर्ने व्यक्ति/फर्मको
पूरा नामः-
(व्यक्ति/फर्मको तर्फबाट सही गर्ने)

(क) दस्तखतः-

(ख) पुरा ठेगानाः-
(फोन नं.समेत)

(ख) नाम थर :-

(ग) ठेगाना :-

(ग) कंम्पनि /फर्म रजिष्ट्रर नं. (फोन नं.समेत)

(घ) रजिष्ट्रर भएको कार्यालयः-

(घ) मितिः-

(ङ) फर्मको छापः-

# सिलबन्दी बोलपत्र पेश गर्नेले पालना गर्नु पर्ने नियम एवं शर्त सुविधाहरु

१) बोलपत्र फाराममा आवश्यक सबै विवरण स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । दररेट अंक र अक्षरले स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ । अंक र अक्षरमा धेरै नै केरमेट भै कबुल गरेको रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता नदिन पनि सकिनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायिले आफुले कबुल गरेको कुल रकमको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकमको माथिल्लो पाँच सय वा हजार अंक पुऱ्याई धरौटी वापत यस बैंकको पाल्या शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड बोलपत्र साथ सम्लग्न गर्नु पर्नेछ ।

३) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनि/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र,आ.व.२०७३/२०७४ कर चुक्ता प्रमाणपत्र र काउण्टर निर्माण सम्बन्धि कार्य अनुभवको प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

४) उपरोक्त कार्य एक्लै वा सयुक्त उपक्रम (Joint Venture) मा समेत गर्न सकिने छ । संयुक्त उपक्रम अनुसार वोलपत्रमा भाग लिने निर्माण व्यवसायीले दफा ३ मा उल्लेख भएको कागजातको अतिरिक्त संयुक्त उपक्रम संम्झौता समेत पेश गर्नु पर्ने छ ।

५) बोलपत्र फाराम गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७५/०१/०४ ले ३० दिन अर्थात २०७५/०२/०२ गते कार्यालय समय भित्र प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा पृथ्वीचोक शाखाबाट रु.३,०००।- (पछि फिर्ता नहुने) जम्मा गरी बोलपत्र खरीद गर्नु पर्नेछ । बोलपत्र दाखिला गर्ने (बुझाउने) तथा खोल्ने कार्य तोकिएको मितिमा नेपाल बैंक लिमिटेड पृथ्वीचोक शाखामा गरिनेछ ।

६) बोलपत्र दिंदा बैंकले उपलव्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्र दाताले अनिवार्य रुपले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्दछ ।

७) बोलपत्र पेश गर्दा बोलपत्र वन्दी खाममा बाहिरपट्टि नेपाल बैंक लिमिटेड, तालचोक शाखामा काउण्टर, पार्टिसन, फल्स् सिलिङ्ग, टायल र केज निर्माण, ATM कोठा निर्माण लगायत इलेक्ट्रिकल तथा नेटवकिङ्ग कार्य गर्ने भनी प्रष्ट रुपमा उल्लेख गरी खाम लाहाछापले सिल गरिएको हुनुपर्नेछ । सिलछाप नभएकोलाई मान्यता नदिन पनि सकिने छ ।

८) रित नपुगेको र म्याद नाघी आएको र कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

९) म्याद भित्र परेका बोलपत्रहरु मिति २०७५/०२/०३ गते विहिबार मध्यान्ह १:०० बजे बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थितिमा यस बैंकको शाखा कार्यालय पृथ्वीचोकमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१०) बोलपत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट अन्तिम दिन र खोल्ने दिन कायम हुनेछ ।

११) बोलपत्र स्विकृत भएको खण्डमा स्विकृतीको जानकारी बैंकले सम्बन्धित बोलपत्रदातालाई दिनेछ । सोही अनुसार जानकारी प्राप्त भएको ७ दिन भित्र थप २.५% धरौटी रकम यस बैंकको शाखा कार्यालय पाल्यामा जम्मा गरेको सक्कल भौचर वा स्विकृत ठेक्का रकमको ५% ले हुन आउने रकमका १८० दिन अवधि भएको परफरमेन्स वण्ड ग्यारेन्टीसहित ७ (सात) दिन भित्र निर्माण कार्य गर्न सम्झौता गर्नु पर्नेछ । पत्र प्राप्त भएको सात दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र रद्द गर्न सकिनेछ । साथै सो अबस्थामा धरौटी जफत गरि अन्य बोलपत्रदातासंग संझौता गर्न सकिनेछ ।

१२) उल्लेखित कार्यहरु स्पेसिफिकेशन बमोजिम गर्नु पर्नेछ ।

१३) बोलपत्र फाराममा उल्लेखीत सम्पूर्ण कार्यको लागी दररेट नदिएको बोलपत्र रद्द गरिनेछ । बोलपत्र दाताले निर्माण स्थलको निरिक्षण गरि कामको बिवरण जाँची बुझी मात्र बोलपत्र दिनु पर्नेछ ।

१४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ६० दिन भित्र सम्पन्न गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

१५) तोकिएको समय भित्र निर्माण कार्य पुरा गर्न नसकेमा हर्जाना वापत संझौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले जरिवाना गरिनेछ र बैंकले २ वर्ष सम्म कार्य गर्न नपाउने गरि कालो सूचीमा समेत राख्न सक्नेछ ।

१६) उल्लेखित कार्य गर्ने सम्बन्धमा जानकारी लिन चाहेमा कार्यालय समय भित्र यस बैंकको प्रधान कार्यालय व्यवस्थापन सेवा विभाग वा शाखा कार्यालय पृथ्वीचोकमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१७) बोलपत्र फाराममा उल्लेख भएका निर्माण कार्य वा परिमाण घटबढ हुन सक्नेछ ।

१८) आवश्यक सबै निर्माण सामाग्रीहरु ठेकेदार आफैले संकलन गर्नु पर्नेछ ।

१९) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरिय हुनुपर्ने र बैंकले तोकी दिएको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्नेछ ।

२०) नेपाल सरकारको आर्थिक नियम बमोजिम लाग्ने दै दस्तुर बोलपत्रदाताले व्यहोर्नु पर्नेछ ।

२१) भ्याट वापतको रकम वोलपत्रदाता आफैले सम्वन्धीत कार्यालयमा बुझाउनु पर्ने र रिटेन्सन रकम वापत सयकडा ५ प्रतिशत र अग्रिम आयकर सयकडा १.५ प्रतिशत बैंकले कट्टा गर्नेछ ।

२२) निर्माण कार्य गराउँदा कुनै दुर्घटना भै कामदारको क्षति/नोक्सानी भएमा ठेकेदार स्वयं जिम्मेवार हुनेछ । ठेकेदारले आवश्यकता महसुस गरेमा आफ्नै खर्चमा कामदारको जीवन वीमा गराउन सक्नेछ । कामको सिलसिलामा बैंकको अन्य भौतिक तथा स्थिर सम्पत्तिको क्षति भएमा ठेकेदारबाट क्षतिपूर्ति भराईने छ ।

२३) बोलपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार बैंकमा निहित रहनेछ ।

२४) ठेकेदार बाट पेश्की रकम माग भएमा नेपाल बैंक लिमिटेड आर्थिक प्रशासन विनियमावली २०७१ मा व्यबस्था भए बमोजिम दिईनेछ ।

२५) ठेकेदारले रनिङ्ग विल वापतको रकम माग गरेमा कार्य सम्पन्नको आधारमा वढिमा १ पटक सम्म (रु.२० लाख भन्दा माथिको विल हुनुपर्ने) दिन सक्नेछ ।

२६) उपरोक्त कार्य पुरा भई हस्तान्तरण गरेको १२ महिना भित्र वनोटमा कैफियत देखिएमा, भत्केमा, विग्रेमा, ढलेमा वा कुनै हानी नोक्सानी भएमा सो को मर्मत संभार र सुधार गरिदिने सम्पुर्ण जवाफदेहि सम्वन्धित ठेकेदार नै हुनेछ र बैंकले मर्मत संभार गरिदिन सुचना गरेको १५ दिनभित्र मर्मत संभार गर्ने कार्य शुरु नगरेमा  बैंकले रिटेन्सन रकम वापत कट्टा गरेको रकम पुरै जफत गर्नेछ । तोकिएको अवधि भित्र कैफियतहरु नदेखिएमा रिटेन्सन रकम ठेकेदारलाई फिर्ता गरिनेछ ।

२७) उपरोक्त कामको बैंकले आफ्नो प्राविधिकवाट समय समयमा सुपरभिजन गराउनेछ । ठेकेदारले काम प्रारम्भ गरिसकेपछि तोकिएको म्याद भित्र काम पुरा नगरी दिएमा सो काम पुरा गर्नु भनी बैंकले सुचना दिनेछ । सो सुचनाको मितिले ७ दिनभित्र ठेकेदारले काम शुरु नगरेमा बैंकले बांकी काम अरु ठेकेदारवाट गराउन सक्नेछ । यसरी अरु ठेकेदारवाट गरिएको खर्च वढि लागेमा सो रकम बैंकले दरभाउपत्रप्राप्त ठेकेदारले ग्यारेण्टी वापत राखेको रकमवाट असुलउपर गर्नेछ साथै दफा १५ मा उल्लेखित हर्जाना समेत लाग्नेछ ।

२८) वोलपत्रदाताले छुट सम्वन्धी व्यवस्था भएमा BOQ मा नै उल्लेख गरेको हुनु पर्नेछ ।

२९) नेपाल सरकारको आर्थिक नियम बमोजिम लाग्ने दै दस्तुर दरभाउपत्र दाताले व्यहोर्नु पर्नेछ ।

३०) सिभिल तथा ईलेक्ट्रिकल कार्यको लागी वजेट सिमा अलग्गै कायम हुनेछ ।

३१) सिभिल र ईलेक्ट्रिकल कार्यलाई फरक फरक बोलपत्रदातालाई प्रदान गरिनेछैन ।